# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०२।१६ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला दैलेख आठविस नगरपालिका वडा नं. ८ मा रहेको श्री गणेश आधारभूत विद्यालय, विशालामा आई.सी.टी. (ICT) व्यवस्थापनका लागि आ.व. २०७६/०७७ मा सामान खरिद गर्न भनी विद्यालयले रकम हिनामिना गर्ने उद्देश्यले नक्कली बिल भरपाई तथा दाखिला प्रतिवेदन तयार गरी भुक्तानीको लागि आठविस नगरपालिका, दैलेखमा रकम माग गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला दैलेख, आठविस नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष तथा गणेश आधारभुत विद्यालय, विशालाका विद्यालय व्यवस्थापन समितिका सदस्य मुक्ति प्रसाद उपाध्याय, गणेश आधारभूत विद्यालय, व्यवस्थापन समितिका अध्यक्ष सन्तक बहादुर कामी र विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्य सचिव अनिल कुमार शाहीले उक्त वडाको उज्यालो सोलार वितरण कार्यक्रमको रकम भुक्तानीको वहाना गरी आ.व. २०७६/०७७ मा गणेश आधारभुत विद्यालयमा आई.सी.टी. (ICT) व्यवस्थापनको लागि विद्यालयमा वजेट विनियोजन नै नभएको अवस्थामा बिभिन्न मितिमा आई.सी.टी. (ICT) व्यवस्थापन गर्न सोलार खरिद गर्न कोटेशन आव्हान गर्ने, कोटेशन छनौट गर्ने र सामाग्री नै खरिद नगरी खरिद गरी सकेको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय गरी सोही निर्णयको आधारमा झुट्टा बिल कागजात तयार गरी जिल्ला दैलेख, आठबिस नगरपालिका वडा नं. ८ को कार्यालयबाट हुँदै नभएको कामलाई कार्य सम्पन्न भएको भनी सिफारिससमेत गरी रकम भुक्तानीको लागि आठविस नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दैलेखमा रु.४,९८,०००।—रकम भुक्तानी लिने उद्देश्यले सरकारी रकम खाने मास्ने उद्देश्यका साथ गैरकानूनी लाभ लिन गलत लिखत तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरु मुक्ति प्रसाद उपाध्याय, सन्तक बहादुर कामी र अनिल कुमार शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुरमा ऐ. ऐन ऐ. दफा बमोजिम अधिकतम् सजाय हुन मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा १८ र दफा ३५ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी